# आत्मिकी लडाइँ

Notes by Franklin

**I. परिचय : लडाइँको इतिहास पृष्ट संख्या ३**

**II. प्रतापी विजय पृष्ट संख्या ४**

**III. आजको अवस्था पृष्ट संख्या ५**

**IV. शत्रुको रणनीति अथवा तरीका पृष्ट संख्या ८**

क) विश्वासीहरूको **जीवन र सेवाकाइमा आक्रमण** गर्न ।

ख) **गढहरू** स्थापना गर्न – सीमाना वा क्षेत्रलाई उसको नियन्त्रण भित्र गर्न ।

**१. व्यक्तिगत गढ़हरू**
**२. पारिवारिक गढ़हरू**
**३. शहर, जनजाति, मानिस अथवा राष्ट्रिय गढ़हरू**
**४. शैतानीक धार्मिक गढ़हरू**
**५. मण्डलीका गढ़हरू**

**V. हाम्रो लडाइँ पृष्ट संख्या १८**

क) **पहिलो – बलियो मानिसलाई बाँध्नु**

ख) हाम्रो जीवनमा **दुष्टलाई बाँधेका** छौं, **जसै हामीले ख्रीष्ट येशूको आज्ञापालन गर्छौं**

ग) **परमेश्वरको सारा हातहतियार धारण गरौं** एफिसी ६:११-१७

**१. आफ्नो कम्मर सत्यताले बाँध्नु**
**२. धार्मिकताको छातीपाता**
**३. खुट्टामा शान्तिको सुसमाचारको जुत्ता लगाउनु**
**४. विश्वासको ढाल**
**५. मुक्तिको टोप**

घ) **लडाइँको** लागि **हाम्रो दैविय हातहतियारहरु**

**प्रार्थना** **आत्माको तरवार**
**येशूको नाम** **प्रशंसाको शक्ति**
**प्रचारको शक्ति** **गवाहीको शक्ति**
**उपवासको शक्ति**
**आत्माको फलको शक्ति**

**VI. व्यावहारिकता – आत्मिकी लडाइँ पृष्ट संख्या ४०**

**VII. पुस्तकहरुको सुचि पृष्ट संख्या ४३**

**VIII. उत्पत्तिको पुस्तकको पाठहरु पृष्ट संख्या ४३**

# आत्मिकी लडाइँ

Notes by Franklin

## I. परिचय : लडाइँको इतिहास

क) आदिमा – सृष्टिद्वारा सबै थोक परमेश्वरको अधिनतामा
उत्पत्ति १:१ भजनसंग्रह २४:१

ख) मानिसलाई पृथ्वीमाथि अधिकार गर्न दिइयो
उत्पत्ति १:२८ भजनसंग्रह ८:६ भजनसंग्रह ११५:१६

ग) शत्रु देखा पर्दछ र उसको योजना प्रकट गर्दछ

१. उसको **सिंहासनलाई उच्च** पार्नु : आराधना गर्न

- यशैया १४:१२-१७ पृथ्वीमा आफ्नो विद्रोह ल्याउँदछ ।
- उत्पत्ति ३ मानिसलाई छल गरेर आदम र उस्को संसारलाई शैतान र पापको शक्ति र अधिकारको अधिनतामा लाऱ्यो ।
- परमेश्वरले युद्धको घोषणा गर्नुहुन्छ उत्पत्ति ३:१५

२. **आफ्नो सिमानालाई नियन्त्रण गर्न** र उसको राज्यको बृद्धि गर्न
लूका ४:४-६

३. परमेश्वरको बहुमुल्य **सम्पत्तिलाई चोर्न र नाश** पार्न
योएल ३:५, ९-१०, मत्ती १३:४४; यूहन्ना १०:१०क ।

## II. प्रतापी विजय

क) येशूको आगमन :

- फिलिप्पी २:६, ७ आफैलाई रित्याउनुभयो – आफ्नो सिंहासनबाट ओर्लनुभयो ।
- कलस्सी २:१३–१५ **विजय**

ख) **यस संसारको शासकलाई फ्याँकिदिनुभयो ।** यूहन्ना १२:३१

मत्ती १२:२८–२९ *तर यदि परमेश्वरका आत्माद्वारा म भूतहरु धपाउँछु भने परमेश्वरको राज्य तिमीहरुमा आइसकेको छ । पहिले बलियो मानिसलाई नबाँधीकन, त्यसको घरभित्र पसेर कसले त्यसको **धनमाल लिएर जान सक्छ** ? त्यस बलियो मानिसलाई बाँधेपछि मात्र त्यसको घर लुट्न सक्छ ।*

पहिलो : **येशूले** बलियो मानिसलाई **बाँध्नुभयो**– कसरी ??

- **पापलाई हटाउनुभयो** यूहन्ना १:२९; १यूहन्ना ३:५
- **त्यसैले मृत्युलाई जित्नुभयो ।** हिब्रू २:१४
- **शैतानलाई हराउनुभयो** १ यूहन्ना ३:८

दोस्रो : **येशू** बलियो मानिसको घरमा पस्नुभयो **र आफ्नो रगत लिएर सम्पत्तिलाई छुटकारा दिनुभयो** – शैतानको घरलाई **लुट्नुभयो** ।

- एफिसी ४:८–९
- १ पत्रुस ४:६ पृथ्वीमा ओर्लनुभयो (लूका १६:१९–३१) र कैदिहरु सँगसँगै वादलमा

माथि उक्लनु भयो ।

मत्ती १६:१८ "म आफ्नो मण्डली स्थापना गर्नेछु, र **मृत्युको फाटक यसमाथि विजय हुनेछैन** ।"

**नरकको ढोका तोडेर खुल्ला गर्नुभयो ! ! (जस्तै शिमशोन न्यायकक्र्ता १६ : ३)**

**पापको प्रवेश पछि पहिलो पल्ट स्वर्गको ढोकाहरु खोल्नुभयो ।**

भजन २४:७-१० *हे मूल ढोका हो, तिमीहरुका शिर उठाओ, हे प्रचिन ढोका हो, उच्च हाओ, र महिमाका महाराजा तीबाट प्रवेश गरुन् । महिमाका महाराजा को हुनुहुन्छ ? परमप्रभु, जो सामर्थी र प्रतापी हुनुहुन्छ, परमप्रभु, जो लडाइँमा पराक्रमी हुनुहुन्छ । हे मूल ढोका हो, तिमीहरुका शिर उठाओ, हे प्राचीन ढोका हो, शिर उठाओ, र महिमाका महाराजा तीबाट प्रवेश गरुन् । महिमाका यी महाराजा चाहिँ को हुनुहुन्छ ? सर्वशक्तिमान् परमप्रभु, उहाँ नै महिमाका महाराजा हुनुहुन्छ । सेला ।*

**क्रुसको विजयले अन्धकारको राज्यको शक्तिमाथि परमेश्वरको राज्यको शक्तिलाई स्थापना गरेको थियो ।**

## III. आजको अवस्था

- फिलिप्पी २:९-११ उचालिनुभयो र सबै शक्ति दिनुभयो
- हिब्रू १:३ ...पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ **विराजमान** हुनुभयो ।
- हिब्रू २:८ ...सब थोक मानिसको अधिनमा भएको हामी देख्दौनौं ।
- हिब्रू १०:१२, १३ ...**बसिरहे** .. **पर्खेर** .. **तबसम्म** ..

राज्यहरू अझै **युद्ध**मा छन् – युद्ध जारी छ

युद्ध चाहिँ : **शक्ति** - **अधिकार** - **मानिस**को लागि ।

- १ यूहन्ना ५:१९ सारा संसार त्यस दुष्टको अधिनमा परेको छ ।

विजयी जीवन

- यूहन्ना १२:३१; १४:३०; १६:११ यस संसारको शासक
- रोमी १६:२० जब हामी सुसमाचारको साथ "जान्छौं ।"

भजनसंग्रह २ :१–४ *"जाति – जातिहरु किन षड्यन्त्र रच्छन्, र मानिसहरु किन व्यर्थका जाल रच्छन् ? (उत्तर) परमप्रभु र उहाँका अभिषिक्त जनको विरुद्धमा (संसारको सिद्धान्तहरु र शक्तिहरु) पृथ्वीका राजाहरु खडा हुन्छन्, र शासकहरु (मानिसहरु) आपसमा सल्लाह गर्छन् । तिनीहरु भन्छन्, "हमी उनीहरुका साङ्लाहरु छिनालौं, र उनीहरुका बन्धनहरु फुकालौं ।"*

**यहिँ नै लडाइँ हो । प्रभुको अभिषिक्त राजा** र **उहाँका** जनहरु विरुद्ध *"पृथ्वीका राजाहरु"* ।

एफिसी ६:१२ भजनसंग्रह २:५–१२

**दुष्टको शक्तिमाथि उहाँको विजय र यसको संसारमा प्रभाव, चाहिँ अहिले मण्डलीको हातहरुमा छ ।**

१कोरिन्थी १५:५७ **हामीलाई विजय दिनुभएको छ !**

एफिसी ३:१० "ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरियोस् ।"

शैतान विरुद्ध उहाँको आक्रमण र घृणा, अहिले **हामीद्वारा** प्रकट गर्नुभयो ! !

यसलाई ध्यान दिनुहोस् :
प्रभुले पहिले **इस्रायललाई** आफैलाई प्रकट गर्न चुन्नुभयो र **एक मात्र सत्य परमेश्वर**को बारेमा बताउन र **उहाँको मुक्ति**, **उहाँको विजय** संसारलाई बताउन उनीहरुलाई **प्रचारक वा मिसनेरी** बनाउनुभयो ।

- प्रेरित १३ : ४४–४८ (यशैया४९:६)

# विजयी जीवन

- गलाती ३:८ पहिले चाहिँ सुसमाचार अब्राहाम र उनको मानिसलाई दिइएको थियो । तर केहि समय पछि उनिहरुले उनिहरु **मात्र** चुनिएका मानिसहरु हुन् र **परमेश्वरले** उनिहरुलाई **मात्र** प्रेम गर्नुहुन्छ भन्ने **शारंस निकाले** ।

प्रभुले उनिहरुलाई उनिहरुको काम सक्नलाई २००० वर्ष दिनुभयो । त्यसपछि येशू आउनुभयो । उहाँ उनिहरुसगँ रिसाउनुभएको थियो र उहाँले **इस्राएलबाट सुसमाचार लिनुभयो र उहाँको मण्डलीलाई दिनुभयो** ।

हेर्नुहोस् : मत्ती २१: ३३–३४ र २३:३८   २४:१४

हामी, **उहाँका** मण्डलीसगँ २००० वर्ष भन्दा ज्यादा वर्ष देखी सुसमाचार छ र हामीले पनि अहिलेसम्म हाम्रो कामलाई सकाएका छैनै ।   **किन होइन**???

---

हितोपदेश ८:१३ *परमेश्वरको भय मान्नु **दुष्टतालाई घृणा** गर्नु हो, अभिमान, अहङ्ककार, खराब चालचलन र भङ्कनउने कुराहरु म घृणा गर्छु ।*

भिन्नता देखाउने प्रश्नहरु :

१. के मेरो जीवनले परमेश्वरको शैतान प्रतिको घृणालाई दर्शाउछ त ?

२. के मेरो जीवनले पाप प्रति पूर्ण घृणा देखाउदछ, र धार्मिकता र परमेश्वरको मार्गहरु प्रति प्रेम र सर्मपण देखाउदछ ?

३. के म अरुको स्विकार्यलाई प्राप्त गर्न सजिलैसित समझैता गर्छु ?

४. के मेरो महान् उदेश्य र इच्छा येशूलाई सबै मुल्यहरुमा खुशी बनाउनु हो ?

५. के म सधै उपलब्ध हुने र आज्ञाकारी हुने असल सिपाहि जस्तै छु ?

६. के म भिडलाई देखेर दयाको अनुभव गर्दछु किनकी शैतानले उनीहरुलाई नाश पार्दैछ ?

रोमी १२:९ *प्रेम निष्कपट होस् । जुन कुरा खराब छ, त्यसलाई घृणा गर । जुन कुरा असल छ, त्यसमा लागिरहो ।*

रोमी १२:२१ ***खराबीबाट पराजित नहोओ,*** *तर* ***खराबीलाई जित*** *।*

## IV. शत्रुको रणनीति अथवा तरीका

उपदेशक ९:१४-१८ *एक पल्ट थोरै बासिन्दा भएको एउटा सानो शहर थियो । त्यसलाई शक्तिशाली राजाले आक्रमण गरे । तिनले त्यसलाई घेरेर त्यसको चारैतिर घेरा-मचान बनाए । त्यस शहरमा एउटा गरिब तर बुद्धिमान् मानिस थियो, र त्यसले आफ्नो बुद्धिले त्यो शहर बचायो । तर त्यस गरिब मानिसलाई कसैले सक्झेन । तब मैले भने, "****बलभन्दा बुद्धि श्रेष्ठ हो*** *।" तर त्यस गरिब मानिसको बुद्धिको अवहेलना भयो, र त्यसको वचनको केहि वास्ता छैन । कराएर भन्ने मूर्खहरुको शासकको वचनभन्दा बुद्धिमान्को नम्र वचनको वास्ता गर्नु असल हो । युद्धका हातहतियारभन्दा* ***बुद्धि असल*** *हो, तर एउटा पापीले धेरै असल कामलाई सर्वनाश गर्छ ।*

लडाइँको विषयमा जान्नुपर्ने सबै भन्दा महत्वपूर्ण कुरा शत्रुलाई **चिन्नु र बुझ्नु** हो ।
हितोपदेश २४:५-६

शत्रुको रणनिती :
क. **विश्वासीहरुको जीवन** र **सेवाकाईमा आक्रमण** गर्ने

१. तपाईंलाई अगाडि बढ्नबाट रोक्छ : १थेस्सलोनिकी २:१८

विजयी जीवन

२. परिक्षाहरू : लूका ४:१-१३; याकूब १:१३-१६
यूहन्ना १४:३० ...*ममा केही छैन ।*

३. झूट र छलको कारण शंका :
क) यूहन्ना ८:४४ "झूटको पिता"
ख) २कोरिन्थी ११:३ हव्बालाई छक्यायो
ग) २कोरिन्थी ११:१३-१४ ज्योतिको दूत
घ) १तिमोथी ४:१ २तिमोथी २:२४-२६ धेरैलाई छक्याएर
ङ) प्रकाश २०:३, ८ राज्यहरुलाई छक्यायो

४. दोष लगाने र दोषी ठहऱ्याउने : प्रकाश १२:१० रोमी ८:१

५. बिमारीपना : लूका १३:१०-१७ (पद ११, १६)

६. सतावटहरू : २कोरिन्थी ११:२३-२७ मत्ती ५:११, ४४ यूहन्ना १५:२०

७. प्रार्थनामा बाधा दिन्छ दानियल १०:२-६, १२, २०-२१

८. चिसोपना, वेवास्तापना, अल्छीपना र सन्तुष्टिपना ल्याउने कारण
मत्ती २४:१२ इजकिएल ९:४ प्रकाश ३:१५-१९

९. मार्न, चोर्न र नाश पार्न यूहन्ना १०:१० १पत्रुस ५:८ "गर्जने सिहं"

- मत्ती १३:१९ वचनलाई चोर्छ

विजयी जीवन

- लूका ११:१४ शैतानले बोलाइलाई बन्द गऱ्यो
- मत्ती १२:२२ शैतानले दृष्टि र बोलाइलाई बन्द गऱ्यो

मर्कूस ९:२२ *यसलाई नाश गर्न त्यस आत्माले घरिघरि यसलाई आगो र पानीमा पनि फालेको छ । यदि तपाईले केही गर्न सक्नुहुन्छ भने, दया गरी हामीलाई मद्दत गरिदिनुहोस् ।*

यूहन्ना ५:५, १४ *त्यहाँ अठतीस वर्षदेखी बिरामी भएको एक जना मानिस थियो । त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, "हेर, तिमी निको भएका छौं । फेरी* ***पाप नगर,*** *र तिमीमाथि अझ बढी* ***खराबी नपरोस्*** *।"*

भजनसंग्रह ९७:१० *परमप्रभुलाई प्रेम गर्ने सबैले खराबीलाई घृणा गरुन् । किनकी उहाँले आफ्ना भक्तहरुको प्राण रक्षा गर्नुहुन्छ, र दुष्टहरुका हातबाट तिनीहरुलाई छुटाउनुहुन्छ ।*

शत्रुको रणनिती :
ख. **गढ़हरू** (किल्ला) निर्माण गर्नु – **सिमाना** उसको अधिनमा पार्नु ।

२ कोरिन्थी १०: ३-५ किनभने हामी संसारका हौं, तापनि सांसारिक लडाइँ त लड्दैनौ. । किनकी हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरु नाश **गर्ने ईश्वरीय सामर्थ्य** तिनमा छ । परमेश्वरका ज्ञानको विरुद्धमा खडा हुने बहसहरु र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, **हरेक विचारलाई** ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं ।

जसलाई उसले अधीन पार्न सक्दैन, उसले जित्नलाई कडा परिश्रम गर्दछ ।

**१) व्यक्तिगत गढ़हरू** – जसरी हामी विचार गर्छौं - विश्वास

# विजयी जीवन

शैतानले हामीलाई प्रभाव पार्ने कोशिश गर्दछ, हामीमा एक किसिमको विचारहरु र कार्यहरुलाई स्थापना गर्छ र बिस्तारै यहाँबाट यो क्षेत्रलाई अधीन गरी आफ्नो राज्य बृद्धि गर्दछ । २ कोरिन्थी १०:५-६

क. संसारिक मान्यताहरू

मत्ती १६:२१-२३ लूका १६:१४-१५
मर्कूस ४:१८-१९ याकूब ४:४
१ यूहन्ना २:१४-१७

ख. घमण्ड याकूब ४:५-१०; १पत्रुस ५:५-९; यशैया २:१०-१७

पत्रुससँग घमण्डको व्यक्तिगत गढ़ थियो : लूका २२:३१-३२ घमण्डको कारण शैतानले
पत्रुसलाई आक्रमण गर्न आधिकारिक अधिकार दियो । पद २४
पत्रुसको चरित्र जानेर, उसले विवाद जित्यो । शैतानले आक्रमण गऱ्यो र "बलियो" पत्रुसले
तीन पटक येशूलाई इन्कार गरे । परमेश्वरले यसलाई भलाईमा परिणत गर्नुभयो (रोमी ८:२८) । यसले पत्रुसको घमण्ड तोडियो (लूका २२:६१, ६२) । उसको बल
(शक्ति) पर्याप्त छैन भनी उसले सिक्यो । येशूले उसलाई उठाउनु भयो (यूहन्ना २१:१५-
१७; प्रकाश १२:११) ।

ग. क्षमा नदिनेपन २ कोरिन्थी २:१०-११; हिब्रू १२:१५
मत्ती ७:१ मत्ती १८:२१-३५

घ. रीस, झूट, चोरी, खराब वचन, गाली, तितोपना, डाह, स्वार्थी उदेश्य :

एफिसी ४:२५-३२; याकूब ३:१-१६; ४:११-१२ ।

ङ. शारीरको अभिलाषा गलाती ५:१९-२१; १पत्रुस
२११-१२

१ तिमोथी ३:७ *फेरी, बाहिरकाहरुका दृष्टिमा पनि तिनी असल ठहरिनुपर्छ, नत्रता तिनी निन्दा र दियाबलसको **पासो**मा पर्नेछन् ।*

२ तिमोथी २:२६ *र तिनीहरु चेतना पाएर दियाबलसको पासोबाट उम्कनेछन्, जसले तिनीहरुलाई त्यसको इच्छाअनुसार चल्नलाई कैदी बनाएको छ ।*

एफिसी ५:१-१३ कलस्सी ३:१-१०

उहाँको राज्यको बृद्धि :

**२. पारिवारिक गढ़हरु** – व्यक्तिगत गढ़हरुको परिणाम

पिता-पूर्खाको पापहरूले अधर्महरू र कमजोरीहरु उत्पन्न गराउँदछ र यसले भावी पुस्ताहरुलाई निश्चित प्रकारको पाप गर्न लगाउँछ ।

क) जसरी कयीनले हत्या गरे, त्यसरी नै उसको नातीहरुले गरे । उत्पत्ति ४:२३-२४

ख) अब्राहामले आफ्नो श्रीमतीको विषयमा झूट बोले उत्पत्ति १२:१३; २०:२

इसहाकले आफ्नो श्रीमतीको विषयमा झूट बोले उत्पत्ति २६:७

याकूब एकदमै छल गर्ने थिए ।

ग) दुष्ट धर्महरू र मूर्तिपूजा : लेवी २०:५-७

घ) लोभीपन – पैसालाई माया गर्ने - भ्रष्टचार

एली र उनका दुष्ट छोराहरू : १ शमूएल २:२९; ३:१३

ङ) अनैतिकता

लूत र उनका छोरीहरू : उत्पत्ति १९:३०, ३२

उहाँको राज्यको बृद्धि :

**३) शहर, जनजाति, मानिस अथवा राष्ट्रिय गढ़हरू,**

जब मानिसहरु समूह बनि आफैलाई शैतानिक सिद्धान्त वा निश्चित पापमा सुम्पिदिन्छन्, यसले **"आधिकारिक रूपमा"** शैतानलाई **उनीहरुको क्षेत्रलाई** कब्जा गर्ने मौका दिन्छ ।

**राष्ट्र र भूमि**लाई **अशुद्ध** पार्ने पापहरू :

- **व्यभिचारको पापहरू** लेवी १८:१–३०; पद २४–३०
  पद २४ : **मानिस** अशुद्ध हुन्छ, **राष्ट्र र भूमि** ।
  पद २५ : देशले आफ्नो वासिन्दालाई उकेलेर फ्याँकिदियो ।
  लेवी १९:२९ वेश्यागमनले देश अशुद्ध हुन्छ ।

- **मूर्तिपूजा** भजनसंग्रह १०६:३४–३८

(१) मूर्तिहरू पुज्ने ।
(२) छोराहरु वा छोरीहरूको बलिदान ।
(३) निर्दोष रगत बगाई – **भूमिलाई अपवित्र पारे**

- **तन्त्रमन्त्र** व्यवस्था १८:९–१४

- **हत्या – मानिसहरू मार्ने**
  उत्पत्ति ४:९–१२ गन्ती ३५:३३–३४
  व्यवस्था २१:१–९ हिब्रू १२:२४

विजयी जीवन

**जून क्षेत्र** परमेश्वरले तिनीहरूलाई दिनुभएको थियो, त्यसलाई पापमा शैतानको आज्ञापालन  गरेर तिनीहरूले शैतानलाई दियो ।

जस्तै : प्रेरित १७:२६ व्यवस्था ३२:८

- आदमले शैतानमाथिको आफ्नो अधिकार हराए ।
- सन् फ्रान्सीस्को पुरुषगामीको निम्ति प्रसिद्ध छ ।
- शीकागो दलहरूद्वारा क्रान्ति गर्ने कुरामा प्रसिद्ध छ ।
- लास भेगास लोभ र जुवा खेल्नमा प्रसिद्ध छ ।
- कलकत्ताको देवता “काली” देवी जुन मुत्युको देवी हुन् ।
- एफिससको देवता “डायना” देवी जुन टुनामुना र तन्त्रमन्त्रको देवी हुन् ।
- भारतको हिन्दु धर्ममा करोडौं देवी देवताहरु छन् ।

व्यक्ति जस्तै गरी शहर, जाति वा राष्ट्र पनि अधीनतामा पर्न सक्छन् र दुष्ट आत्मीकताको
परिचय दिन्छन् ।

- मत्ती ११:२०-२४ हरेक शहर उसको आफ्नो कामहरुको जिम्मेवारीले उद्रिड गरिएको हुन्छ ।
- हिब्रू ११:१०, एउटा शहर वा राष्ट्र आत्मिकी जग मा बनिनु धेरै महत्वपूर्ण छ ।
- हबकुक २:१२
- नहूम ३:१

यी कुराहरूले सम्पूर्ण संस्कृतिलाई नै पूर्ण रूपमा असर गर्न संक्षम छन् । शैतानले यस्तो मानिसका अगुवाहरू खोज्दछ जसले उसको सेवा गर्नेछन् र यसको सट्टामा उसले तिनीहरूलाई शक्ति प्रदान गर्दछ ।

क) “टायरको राजकुमार” (पृथ्वीमा) र टायरको राजा (स्वर्गमा)
इजकिएल २८:२,१२

ख) “पर्सियाको राजकुमार” र “पर्सियाको राजा” दानियल १०:२०
आज पनि सद्दाम हुसैनलाई शक्तिशाली बनाउने ।

ग) अडोल्फ हिट्लरसँग जादूटोनाको शक्ति थियो, उसको थर्ड रिक् पार्टिलाई यहि शक्तिले अगाडि बढायो जसले पुरै राष्ट्रलाई आफ्नो अधिनमा रखेको थियो । उसले यी अन्धकारका शक्तिहरुलाई आफुभित्र आउन दिन्छ भन्ने कुरा सबैलाई थाहा थियो ।
यहि आत्मा आज पनि जर्मनीमा केही मानिसहरुलाई प्रभाव पारिरहेको छ ।

यशैया २४:२१, *त्यस दिन परमप्रभुले माथि स्वर्गको शक्तिलाई र तल पृथ्वीका राजाहरूलाई दण्ड दिनुहुनेछ ।*

**४. धार्मिक गढ़हरू**
मानिसद्वारा परमेश्वरको प्रकाशलाई तिरस्कार गरेर र आफ्नो अवस्था सजिलो पार्न र आफ्नो आत्मिकी आवश्यकताहरू सन्तुष्ट पार्न दुष्ट आत्माहरुलाई आराधना गर्ने वा पूज्न स्थापना गरेका हुन् ।

२ कोरिन्थी ११:१४ र यो कुनै अचम्मको कुरा होइन किनकि शैतानले पनि ज्योर्तिमय स्वर्गदूतहरूको भेष धारण गर्दछ ।

यसरी शताब्दिऔंदेखि यी दुष्ट शासकहरूले आफ्नो शक्ति कायम गर्दै आएका छन् :

क) **धार्मिक चाड–पार्वहरू**, रीतिथितिहरू र तिर्थयात्राहरू । यस्ता कार्यहरूले आत्मिकी
शक्तिको प्रभाव पारेको धैरैले गवाहि दिएका छन्; थिचोमिचो◌े, सतावटहरू, शैतानिक चिन्हहरु र अचम्मका कामहरू बढेको ।

उदाहरण : इस्लामिक हज; भारतमा कुम्भ मेला, आदि ।

ख) तिनीहरूले आफ्नो पिता–पूर्खाले गरिआएको चालचलन र भाकललाई **निरन्तरता** दिने काम गर्छन् र आज निश्चित मानिसहरु र ठाउँहरुलाई शासन गर्न **शैतानको बैधानिक अधिकारलाई बढाउछ** ।

ग) यी चाडपर्वहरू, रीतिथिति र तिर्थयात्राहरूलाई "**परम्परा**" भनिन्छ । परम्पराहरुले राजकुलहरुको सिमानालाई बाचईराख्छ ।

घ) तन्त्रमन्त्र, शैतानिक विधि र नयाँ युगको धर्महरूले मन्त्रहरु, सरापहरु, रितीथितीहरु र असभ्य जातिले पूजा गरिने र्निजीव वस्तुहरूद्वारा चल्न र सिमानाको शक्तिकरण गर्न अगुवाई गर्नलाई आत्मालाई निमन्त्रणा गर्दछ ।

- व्यवस्था १८:९–१४
- १ कोरिन्थी १०:२०–२१
- २ कोरिन्थी ६:१४–७◌:१

जब पापहरू समावेश हुँदछ, शैतान विशेष गरी शक्तिशाली बन्दछ :

**रगत बहाई र वेश्यागमन**

यी दुवै पापहरू करार बाध्नमा समावेश छन् ।

क) **रगत** : भजनसंग्रह १०६:३५–३८ शैतानहरुलाई छोराहरु र छोरीहरूको बलि दिन्छन्

विजयी जीवन

गन्ती ३५:३३ उत्पत्ति ४:१०-१२

हिब्रू १२:२४ र नयाँ करारका मध्यस्थ येशूको सन्मुख तथा छर्किएको रगतको सन्मुख
आएका छौं, जसले **हाबिलको रगतभन्दा अझ उत्तम वचन बोल्दछ** ।

हाबिलको रगत न्यायको निम्ति रोयो ।
येशूको रगत क्षमाको निम्ति रूँदछ ।

ख) **वेश्यागमन** : उत्पत्ति ६:१-७ डरलाग्दो न्याय
उत्पत्ति १८:२० १९:४-९ डरलाग्दो न्याय
रोमी १:२३-३२ पद २७ डरलाग्दो न्याय

उदाहरण : १९९० को जीन-बर्टन्ड अरिस्टाइड हेइतीका राष्ट्पति बने । १९९१ को १४ अगस्तमा उनले आधिकारिकरुपमा हेइतीका तन्त्रमन्त्र गर्ने उच्च वूडू डाक्टरहरुलाई देशव्यापि रुपमा हेइती राज्यलाई मरेका आत्माहरुको हातमा राज्य पुनः सर्मपण गर्न वूडू बोकम्यान उत्सवलाई अगुवाई गर्न अनुरोध गरे । यस उत्सवमा निश्चित प्रकारको जनावर, कसैले भन्छन् कि मानिसको बलिदानलाई समावेश गरिएको हुन्छ । एक महिना पछि १९९१, २९ सितम्बर २९ मा आर्मिको समुहले उनको अधिकार खोसे । हेइतीले सामाजिक आर्थिक परिवर्तन ल्यायो । अन्तर्राष्ट्रिय बन्दरगाहा बन्द गर्ने अस्थायि निषेधाज्ञालाई पालना गर्ने कडा आज्ञा दिइयो । आर्थिक अवस्था वास्तवमा सामान्य अस्तित्वमा नरहेको थियो । दशौं हजार मानिसहरुले आफ्नो कामहरु वापस नपाउने किसिमले गुमाएको थियो । आर्मी शासनको केहि महिना पछि यस्तो समाचार आयो कि “पोर्ट-अ-प्रिन्स” जो एकदमै व्यस्त हुन्थ्यो, आज त्यो शहर “धुलै धुलै भुतहरुको शहर” बनेको छ । आम जनताको सेवामा रहेको संघहरुलाई पेट्रोलियम पदार्थको कमि र गल्लीहरुमा थुप्रिएको फोहरको कारण केहि समयको निम्ती रोकियो । हेइतीमा भएका बिदेशी लगानिकर्ताहरु पनि देशको यस्तो स्थीतिको कारण फिर्ता गयो । मानिसहरुको संकष्टको तल्लो अवस्थामा देश आइपुग्यो ।

के त्याहाँ आत्मिकी र प्राकृतिक कुराको सम्बन्ध थियो त ?

शत्रुले सिमानालाई कब्जा गर्न प्रयोग गर्ने कदमहरु :

१) आधिकारिक खुल्ला ठाउँ खोजी भित्र पस्छ
२) पर्खालहरू बनाउछ
३) मुख्य ढोकामा बस्छ

**५) मण्डलीमा गढ़हरु :**

धर्मिक संप्रदायिक विश्वास :

(धार्मिक संप्रदाय – ठूलो समुह भित्र भएको एउटा समूहका मानिसहरु जसको बिचार अन्य समुहको भन्दा भिन्दै रहेको हुन्छ । )

क) मण्डलीमा विभाजन
ख) सिद्धान्त र विश्वासमा घमण्ड
ग) सम्प्रदायको मूर्तिपूजा वा कुनै छुट्टै विश्वासको सारहरू जसले अरु अंगबाट छुट्टिएर अलग बनाउदछँ ।
घ) शहर प्रति “हामी र तिनीहरू” भन्ने मानसिकता

## V. हाम्रो लडाइँ

**क) पहिले / बलियो मानिसलाई बाँध्नु**

मत्ती १२:२८-२९ तर यदि परमेश्‍वरका आत्माद्वारा म भूतहरु धपाउँछु भने परमेश्‍वरको राज्य तिमीहरुमा आइसकेको छ । पहिले बलियो मानिसलाई नबाँधिकन, त्यसको घरभित्र पसेर कसले त्यसको धनमाल लिएर जान सक्छ ? त्यस **बलियो मानिसलाई बाँधेपछि** मात्र त्यसको घर लुट्न सक्छ ।

परमेश्‍वरको राज्यको **बृद्धि**, “भूतात्माहरू निकाल्न” सँग सम्बन्धित छ ।

## विजयी जीवन

*"बलियो मानिस"* – दुष्ट आत्मा वा भूतात्माहरू, "राजा", जसले घरलाई कब्जागरी नियन्त्रण गर्दछ ।

*"बलियो मानिसको घर"* वा *"गढ़"* वा *"सिमाना"* चाहिँ व्यक्ति, परिवार, समूह, मानिस, राष्ट्र अथवा भौगोलिक सिमाना हुन् जसमा दुष्ट आत्मा वा आत्माहरूले घेरी नियन्त्रण गरेका हुन्छन् ।

मत्ती १२:२९ "पहिला बलियो मानिसलाई बाँध्नु ।"

मत्ती १८:१८ साँच्चै म तिमीहरुलाई भन्दछु, तिमीहरुले पृथ्वीमा **जे बाँध्छौ,** त्यो स्वर्गमा बाािधिनेछ । अनि तिमीहरुले पृथ्वीमा **जे फुकाउँछौ** त्यो स्वर्गमा फुकाइनेछ ।

स्ट्रोङ कनर्कोडेन्स् # १२१०: ग्रीक शब्द **डिओ**को अर्थ **बाँध्नु**

१. गाँठो पारी बाँध्नु, कस्नु
  क) साङ्लाले बाँध्नु र गाँठो पार्नु, साङ्ला वा जालमा फाल्नु ।
  ख) लाक्षणिकरुपमाः
    क) बाँध्नु, दोषी सावित गर्नु, कानुन लगाउनु
    ख) इन्कार गर्नु , निषेध गर्नु, नियम विरुद्ध दोषी घोषणा गर्नु

स्ट्रोङ कनर्कोडेन्स् # ३०८९: ग्रीक शब्द **लुओ**को अर्थ **फूकाल्नु**

१. कुनै व्यक्ति वा (चिज)लाई बाँधेको अवस्थाबाट फुकाल्नु ।
२. बाँधेकाबाट फुकाउनु, खुल्ला गर्नु, बन्धनबाट छुटाउनु, स्वतन्त्र पारिएको ।
    क) झ्यालखानाबाट निकालिएको, जान दिनु
    ख) टाढा रहनु, अधिकारबाट हटाईनु
    ग) नियमविरुद्धको अभियोगको घोषणा गर्नु

कसरी ?

**ख) हाम्रो जीवनमा दुष्ट बाँधिएको छ- येशू ख्रीष्टको आज्ञा पालन गरौं ।**

जसै येशू ख्रीष्टले शैतानलाई बाँध्नुभयो :

१. **वचन** प्रति आज्ञाकारी हुनुभएर : "यस्तो लेखिएको छ" लूका ४:४, ८, १२

२. **उहाँको पिता**को आज्ञा मान्नुभएर यूहन्ना ५:१९, ३०; १४:३० ममा केही छैन

जब **हामी** येशू ख्रीष्टको वचन र **आज्ञा पालन** गर्छौं हाम्रो **जीवनमा बलियो मानिस बाँधिएको** हुन्छ र उ शक्तिहिन बनाइन्छ ।

- यहोशू ५:१३-१५ "सेनाहरूका परमप्रभुमा" समर्पण गर्नु

- यहोशू ६:२; ७:११-१३ छाउनीमा पाप गरेर तिमीहरू शत्रुसँग **लडाईं गर्न सक्ने छैनौं** ।

- **मिश्र** अन्धकारको राज्य / शैतान र पापको दास ।
- **उजाड-स्थान** पापसँगको युद्ध / शरीर
- **प्रतिज्ञाको देश** शक्तिहरु र प्रधानताहरूसँगको युद्ध ।

**पहिलो लडाईं** मैले जित्नै पर्ने चाहिँ :

**उजाड-स्थान**मा **विजय** – मेरो **शरीर** माथि **विजय**

१ कोरिन्थी १०:६ "उनीहरूले जस्तै **हामीले खराबीको इच्छा नगरौं** भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन् ।"

व्यवस्था ८

विजयी जीवन

पद १ : आज्ञाकारीता आवश्यक छ :

- जीवनको लागि
- देश अधिकार गर्नको लागि

पद २ : उजाड-स्थानको उद्देश्य :

- हामीलाई **नम्र** बनाउन । हाम्रो **घमण्ड तोडिनुनैपर्छ** ।
- हामीलाई **जाँच** गर्न । हाम्रो हृदयमा के छ भनी जान्न ।

प्रभुले सबैभन्दा चासो राख्ने महत्वपूर्ण कुरा चाहिँ चरित्र र गुण हो । रोमी ५:३-४

**उजाड-स्थान चाहिँ** :

क) एउटा **मुत्युको ठाउँ** जसमा पूरै पुस्ता जसले लगातार गनगन गरिरहने, गुनासो
गरिरहने, तितोपनामा रहिरहने थिए र जसले परमेश्वरको आज्ञा मानेनन् र उहाँमाथि
विश्वास गरेनन् । तिनीहरू सधैँ आफुले जानेको पुरानै बाटोमा फर्किन चाहे । गन्ती १४:२०-२४

ख) ठीक त्यही उजाड-स्थान जुन **जीवनको ठाउँ** थियो जहाँ पूरै पुस्ता जन्मयो र सबै **कठोरता**भएर हुर्किए । कुनै कुरा थाहा नपाईकन पनि तिनीहरूले बाँझो पन र समस्याका साथ परमेश्वरमाथि **भरोसा र आज्ञापालन** गर्न सिके र **परिवर्तन हुन सिके** ।  तिनीहरू **अगाडि बढ्न** तयार थिए । तिनीहरू परमेश्वरको प्रतिज्ञाहरुको लागि **लडाइँ** गर्न तयार थिए ।

यो **तपाईको निर्णय** हो – समस्याहरुमा **तपाईंको प्रत्युत्तरले** निर्णय गर्छ कि तपाईको लागि यो ठाउँ **जीवन**को वा **मुत्यु**को हो ।

गलाती ५:१७ लूका ९:२३ रोमी ६

विजयी जीवन

यो **लडाइँ जीत्नुहोस्** – **आज्ञापालन** गर्न सिक्नुहोस् । तब मात्र म **यर्दन पार गर्न** तयार हुँदछु र प्रधानताहरु र शक्तिहरुसंग **आत्मिक लडाइँ** लड्न शुरु गर्नुहोस् र परमेश्वरको राज्यको लागि त्यो देशलाई **फिर्ता लिनुहोस्** ।

**परमेश्वरको राज्य = प्रभुत्व = अधिकार गर्दै जाँदैछु अथवा शासन गर्दैछु ।**

**आज्ञाकारीता**ले तपाईंलाई **अधिकार मुनि** राख्दछ ।

यदि हामीले उहाँको **आज्ञा मानेनौं** भने **उहाँले हामीलाई शत्रुको जालदेखि वचाउन सक्नुहुन्न ।** मत्ती ७:२४-२७

हाम्रो आज्ञाकारीताले शैतानलाई बाँध्दछ र उसले हामीलाई छुन सक्दैन । १ यूहन्ना ५:१८

यसको अर्थ यो हो : "तिम्रा मुक्तिको काम पूरा गर्दै जाओ ।"
फिलिप्पी २:१२

लूका ६:४६-४९ यदि मैले भनेको कुरा सुन्दैनांै भने किन मलाई प्रभु, प्रभु भनी भन्दछौ ?

येशूको सन्देश : **"पश्चात्ताप गर, किनकि परमेश्वरको राज्य नजिकै छ"** (मर्कूस १:१४-१५)

**यसले आज्ञाकारिताको माग गर्दछ** ।

पश्चात्ताप चाहिँ : (क) **आफैलाई नम्र तुल्याउनु** (ख) **फर्किनु** – तपाईंको जीवनको
दिशा परिवर्तन गर्नु । १ थिसलोनिकी १:९

पश्चात्ताप भनेको **आज्ञा पालन गर्ने निर्णय** गर्नु हो । **मानिसको इच्छाको प्रत्युत्तर** ।

# विजयी जीवन

"तपाईंको राज्य आओस्" कसरी ? "तपाईंको इच्छा पूरा होस् ।"

परमेश्वरको राज्यले **एउटा कुराको माग** गर्दछ : **पश्चात्ताप / फर्किनु / समर्पण**

मीका ६:८; याकूब ४:६-१०; १ पत्रुस ५:५-९
(२ इतिहास ३२:२४-२६; ३३:१०-१३)

हामीले : परमेश्वरको राज्य को खोजी पहिले गर्नपर्छ कसरी ? **राजाको आज्ञा पालन गरेर ।**

हामीले दुईवटा कुरा सिक्यौं : १. "परमेश्वरमा समर्पित हुने" र २. "शैतानको विरोध गर्ने"

याकूब ४:६-८ १ पत्रुस ५:५-९

**शाऊलको आज्ञाकारिता** : १ शमूएल १५:१-३; ९-२३

- भूल मानि लिए तर पश्चात्ताप गरेनन् : पद २४, ३०
- उनी नेतृत्वपनको पदबाट हटाइयो : पद २६-२९
- परमेश्वरको आत्माले छोड्नुभयो : १६:१४; १८:१०-११
- अनाज्ञाकारिताले गर्दा दुष्ट आत्माबाट उनी सताइए :
  रोमी ६:१६ प्रेरित ५:३२ एफिसी ४:२७

शैतानको विरुद्धमा परमेश्वरको लडाइँ चाहिँ उहाँमा समर्पित जनहरूद्वारा अगाडि बढाइन्छ,
जसले सक्रिय रूपमा शैतानको विरोध गर्दछ र कुनै पनि मूल्यमा शैतानको सामना गर्न उ
तयार रहँदछ :

विजयी जीवन

**"तपाईंको इच्छा स्वर्गमा झैं यस पृथ्वीमा पूरा होस् ।"**

भजनसंग्रह ३४:१२–१७

**आज्ञाकारिताले** यो माग गर्दछ कि हामीले :

ग) **परमेश्वरको सारा हतियार धारण गरेको** एफिसी ६:११–१७

आक्रमणबाट आफ्नो राज्य (हाम्रो शरिर) सुरक्षित राख्ने – परमेश्वरको निम्ति बलियो गढ़हरू निर्माण गर्ने ।

१. **आफ्नो कम्मर सत्यताले कस्ने** यूहन्ना ८:३१–३२; १४:६; भजनसंग्रह ११९:१६०

- उहाँ जो हुनुहुन्छ : सार्वभौम – अधिकार – बुद्धि – प्रेम – अनुग्रह
- उहाँ जसले गर्नभुयो र गर्नुहुनेछ ।
- सधैं सत्य बोल्नुहोस् । झूटले हारको ढोकालाई खोल्दछ ।

भजनसंग्रह १५:१–२; एफिसी ४:१५, २४–२७; कलस्सी ३:९
यूहन्ना ८:४४ "पिता ..." ; प्रेरित ५:१–५ हननिया र सफिरा

२) **धार्मिकताको छाती पाता** हृदयलाई सुरक्षित राख्दछ ।
हितोपदेश ४:२३ मत्ती १५:१८–१९ १ शमूएल १६:७

पहिलो : उहाँको धार्मिकता पूर्ण विश्वास ।
फिलिप्पी ३:९ २कोरिन्थी ५:२१ १थेस्सलोनिकी ५:८

त्यसपछि : "तिमीहरू पवित्र होओ" पवित्र जीवन जिउने १पत्रुस १:१३–१६

एफिसी ४:२४; १तिमोथी ६:११; १यूहन्ना २:२९; ३:३, ७, १०

यहोशू ५:१३-१५ "तिम्रो जुत्ता फूकाल ..."

**पवित्र जीवनद्वारा नै विजयी जीवनको शुरुआत हुँदछ ।**

रोमी १२:२१ खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित ।

- राम्रो वा असल कार्यहरुबाट नै दुष्टलाई जीत्न सकिन्छ ।
- असल कार्यहरु प्रेमपूर्ण हृदयबाट आउदछँ ।

१ कोरिन्थी १३:१३ अब **विश्वास, आशा, प्रेम**, यी तिन रहन्छन्, तर **यिनमा सर्वोतमचाहिँ प्रेम नै हो** ।

र, प्रेम कहिल्यै अन्त्य हुँदैन । १ कोरिन्थी १३:८

- जति विश्वास महान् छ (पहाडहरु हटाउने)...प्रेम त्यो भन्दा महान् छ ।

१ थेसलोनिकी ३:१२–१३ जसरी हामी तिमीहरुलाई प्रेम गर्दछौं त्यसरी नै प्रभुले तिमीहरुलाई एउटाले अर्कासंग र सबै मानिससँग **प्रेममा बढ्ने** र **प्रशस्त** भइरहने तुल्याउन्, यस हेतुले कि उहाँका सबै सन्तहरुका साथमा हाम्रा प्रभु येशू ख्रीष्टको पुनरागमन हुदाँ उहाँले हाम्रो परमेश्वर पिताको सामुन्ने **तिमीहरुका हृदय पवित्र र निष्खोट तुल्याई स्थिर गराउन्** ।

प्रेम तपाईको लागि हतियार र सुरक्षा हो किनभने :

- प्रेमले अरुको हृदय जित्छ
- प्रेम र भलाइले दुष्टलाई जित्छ
- प्रेमले निष्खोट पवित्र हृदय दिन्छ र दुष्टले तपाईलाई छुन सक्दैन ।

"**अन्धकारको अधिकार**बाट हामीलाई उहाँले छुटकारा दिनुभएको छ ।"

# विजयी जीवन

कलस्सी १:१३ उहाँले हामीलाई अन्धकारको राज्य (शाब्दिक अधिकार वा शक्ति) देखी छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्य भित्र हामीलाई सार्नुभयो छ ।

हामीले कुनै पनि अन्धकारलाई (यस संसारको राज्यमा फर्कनु) सहन्छौ भने यसले शैतानलाई हामीलाई **वैधानिक अधिकारद्धारा** (एफिसी ४:२७) आक्रमण गर्न र हामीसंग भएको कुरालाई
चोर्छ दिँदछ ।

लूका ११:३५–३६ तिमीहरू होशियार रहो ताकि तिमीहरूमा भएको ज्योति ननिभोस्

शैतान जस्तोसुकै अन्धकारको क्षेत्रमा पनि हिँड्न सक्दछ । जहाँ–जहाँ परमेश्वरको वचनको अनाज्ञाकारिता हुँदछ, त्यहाँ आत्मिकी अन्धकार र शैतानको कार्यको सक्रिय हुँदछ ।

**एक** जो हृदयमा शुद्ध छ र दुष्टलाई घृणा गर्ने स्वतन्त्रसँग हिड्छ र शैतानको सिमानालाई
दुःख दिन्छ ।

भजनसंग्रह ९७:१०  हितोपदेश ८:१३

उदाहरण : पत्रुसले – तीन पटक येशूलाई इन्कार गरे ।
यो डर थिएन, किनकी उसले केही समय अगाडि मात्र कान काटि दिएका थिए ।

लूका २२:२४, ३१–३२ घमण्डले शैतानलाई खुल्ला ढोका दिन्छ ।

याकूब ४:६–७

विजयी जीवन

परिणाम : नम्रता प्रेरित ३:१२ख          पत्रुसले भने त्यो ऊ थिएन

“हाम्रो विश्वास नडग्मगाओस्” भनेर येशूले हाम्रो निम्ति अन्तरविन्ती गर्नुहुन्छ (पद ३२)
मेरो विचारहरु र कार्यहरू क्षणभरको निम्ति डगमगाउँछ होला... **तर मेरो विश्वास**
**कहिले पनि डगमगाउने छैन** । मेरो हृदय उहाँको अन्तरविन्तीले सुरक्षित छ ।

यूहन्ना १७:१२;   १८:९    हिब्रू ७:२५

हामीले लडाई लड्नुभन्दा पहिले, यो बुझनुपर्छ - जून क्षेत्र हामी अन्धकारमा लुकाउछौं त्याहि क्षेत्रहरुमा नै हाम्रो भविष्यको हारको क्षेत्र हो ।
१ पत्रसु ५:५-९

**विजयले उहाँको उपस्थितिको** माग गर्दछ ।     प्रस्थान ३३:१४; भजन १५; २४:३-६
व्यवस्था २३:१४

**विजय** तब शुरु हुन्छ, जब हाम्रो हृदयमा **ख्रीष्टको चरीत्र** हुँदछ ।
(आत्माको फल)

पावलले तिमोथीलाई, सिपाही :    १तिमोथी १:५, १९; ३:९; ४:१-२
२तिमोथी १:३; १पत्रुस ३:१६, १८, २१

स्वच्छ विवेकलाई शैतानले आत्माग्लानी गराउन सक्दैन ।

३. **शान्तिको सुसमाचार सुनाउने तयारीको खुट्टा**

जुनसुकै ठाउँमा र समयमा सुसमाचार सुनाउन तयार हुने ।
गतिशिलता

मर्कूस १६:१५ सारा जगतमा गएर सुसमाचार प्रचार गर

## ४. **विश्‍वासको ढाल**

वचावट : हितोपदेश ३०:५; २:७; भजनसंग्रह ३:३; २८:७; रोमी १०:१७

शैतानले आक्रमण गर्ने समयमा शैतानको झूट र चलाकीपनलाई सामना गर्दा परमेश्‍वरमा भरोसा राखी उहाँको प्रतिज्ञालाई दावी गर्नुपर्छ ।

बाधा : बढ्नलाई प्रयोग गर्ने– अगाडि बढ्नलाई ।
हिब्रू ११:१, ३३–३४; भजनसंग्रह ३७:३, ५; १यूहन्ना ५:४–५

## ५. **मुक्तिको टोप**

हाम्रो मनलाई बचाउनु (युद्धक्षेत्र) ।

२ कोरिन्थी ४:४ तिनीहरूका विषयमा भनें भने ख्रीष्ट जो परमेश्‍वरको रूप हुनुहुन्छ,
उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखुन भनेर यस संसारको देवले अविश्‍वासीहरूका समझलाई अन्धो तुल्याइदिएको छ ।

२ कोरिन्थी १०:४–५ किनकि हाम्रो युद्धका अस्त्र–सस्त्र सांसारिक होइनन् तर किल्लाहरू नाश गर्ने ईश्‍वरिय सामर्थ तिनमा छ । परमेश्‍वरका ज्ञानको विरुद्धमा खडा
हुने बहसहरू र हरेक अहंकारपूर्ण बाधालाई हामी नाश गर्छौं र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं ।

**सबैतिर सुरक्षित राखेका छौं खाली .... पछाडि (ढाडँ) चाहिँ होइन ।**

विजयी जीवन

१. **कहिले पनि** पछाडि नफर्किनुहोस्, **कहिले पनि** नछोड्नुहोस्, **कहिले पनि** नहार्नुहोस् ।

२. रोमी पैदल सिपाहीहरूले एक साथ उभिएर, सगँ सगै, ढाललाई एकसाथ राखी उभिएर लडाईं गर्दथियो । तपाई उहाँको शरीरमा, सेनामा आफ्नो ठाउँ खोज्नुहोस् ।

४. **हाम्रो ईश्वरीय हतियारहरु** **२कोरिन्थी १०:३-५**

तर हाम्रो हतियार चाहिँ .... परमेश्वरको सामर्थ्यमा दुष्टका किल्लाहरू नाश गर्नु हो ।

१. **प्रार्थना ढोका खोल्ने** र **बन्द** गर्ने **साँचो** हो ।

**प्रार्थनाद्वारा हामी ढोकाहरुलाई नियन्त्रण गर्न सक्छौं – बन्द वा खुल्ला**

हामीलाई साँचो / अधिकार दिँदा – उहाँले आफ्नो कतिपय कार्यहरूलाई **सिमित** गर्नुभएको छ उहाँको जनहरूले चढाएको अन्तरविन्तीको प्रत्युत्तर गर्नलाई ।

जबसम्म उनिहरुले प्रार्थना गर्दैनन्, उहाँले काम गर्नुहुन्न । किन ???

१ कोरिन्थी ३:९ हामी परमेश्वरका सहकर्मीहरू हौं

परमेश्वरले शुरुमा **मानिस**लाई पृथ्वीलाई **अधिकार** गर्न दिनुभयो । यसलाई कसैले पनि
फिर्ता लिएको छैन ।

उत्पत्ति १:२८ भजनसंग्रह ११५:१६ ८:४-६ हिब्रू २:५-८

स्वर्गले इच्छा गर्छ र पर्खन्छ : हिब्रू १०:१३

विजयी जीवन

**पर्खन्छ** ........................................

मानिस यस्तो बनिनुको लागि :

**पर्याप्त रीस गर्न**

**पर्याप्त विरामी हुन**

**पर्याप्त थाक्न**

**प्रार्थना गर्नलाई पर्याप्त अल्छी मान्नु ! ! !**

**परमेश्वरसँग सहमत हुनु => पर्याप्त पर्याप्त नै हो ।**

**अरुहरूको लागि धादोमा उभिनु**

**प्रार्थना गर्ने थोरै मान्छेहरुलाई परमेश्वरले वास्ता गर्नुहुन्छ**

यशैया ५९:१६; ६३:५ इजकिएल २२:३०

**प्रार्थनामा परमेश्वरसँग रून्नु :**

**क) तपाईंको राज्य आओस्, तपाईंको इच्छा पूरा होस् ।**

उहाँलाई परिस्थीतिमा आउनलाई निमन्त्रणा गर्नुहोस् । प्रकाश ३:२०

यो एउटा अनुरोध हो : परमेश्वरको राज्यको सट्टामा अन्धाकारको राज्यको उपद्रव ।

यसको अर्थ : **प्रार्थना** :

- मानिसहरूको निम्ति उहाँको इच्छा
  - एफिसी ६:१८
  - याकूब ५:१४–१८

- हाम्रो **शहरहरु र राष्ट्रहरु**को निम्ति **उहाँको इच्छा**
  - १ तिमोथी २:१–८
  - उत्पत्ति १८:२६; मत्ती ५:१३ – उदाहरणः लूत “फ्याँकिइए”

- o उत्पत्ति १९:८, १४, १६– प्रार्थना छैन, गवाही छैन र विश्वासीहरु छैन ।
- o यर्मिया २९:७
- o २ इतिहास ७:१४ भजनसंग्रह २:८; १११:६

**हरेक अवस्थाहरूमा परमेश्वरको इच्छा के छ भनी थाहा पाउनुहोस् ।**
**यस्तै होस् भनी प्रार्थना गर्नुहोस् ।**
यशैया ९:७ "....उहाँको राज्यको अन्त कहिल्यै हुनेछैन"

**ख) प्रार्थनामा परमेश्वरलाई पुकार्नुहोस् – हे प्रभु, तपाईंका जनहरूलाई छुटाउनुहोस्**

योएल २:१७ प्रस्थान २:२३–२५; ३:७–९
भजनसंग्रह १०७:६, १३, १९, २८; ५०:१५, ७२:१२ र हितोपदेश २१:१३

ग) **उहाँको बलियो हातले थाम्नुहोस् भनी प्रभुलाई पुकारा गर्नुहोस्।**

- प्रस्थान १५:३, ६, १२
- यशैया ५०:२; ५१:९ ५२:१०

घ) **अर्न्तविन्तीमा प्रभुलाई पुकारा गर्नुहोस्** हिब्रू ४:१४–१६
दानियलको उदाहरण :

दानियल ९:३ यसकारण उपवाससाथ भाङ्ग्रा ओडेर खरानी घसी प्रार्थना र अन्तरविन्ती गर्दै परमप्रभु परमेश्वर तिर फर्कें ।

१. "परमेश्वरतिर फर्कें " निश्चयता गरेको, धेरै विचार गरेको, धर्मशास्त्र धेरै अध्ययन गरेको । उनले आफैलाई तयार गरे । खोज्न तयारी गरे र खोजिरहे ।

२. "उपवास साथ भाङ्ग्रा लगाएर खरानी धसे" आफ्नो हृदयलाई नम्र पारे र पश्चात्ताप गरे । दानियल ९:४-१६ "... हामीले पाप गरेका छौं... ।" पद ५

३. यस्ता समूहमा रहेका सबै पापहरू हामीले पश्चात्ताप गर्नु आवश्यक छ ।

दानियलले आफ्ना मानिसहरूको विषयमा कुरा गरिरहेका थिए : "हामीले पाप गरेका छौं ।" "मानिसहरूको बीचबाट" आएको विश्वासीले राष्ट्रको पापहरुको निम्ति पश्चात्ताप गर्नु जरुरी छ ।

४. परमेश्वरको न्यायहरु र कार्यहरू उनले माने । यो चाहिँ दयाको पहिलो कदम हो।

५. हामीलाई जे हुन्छ, यो चाहिँ हाम्रो पापको परिणामबाट हुन्छ । हामीले जे रोप्छौं,
त्यही कटनी गर्छौं (गलाती ६:७, २ कोरिन्थी ९:६) ।

६. जब हामीले परमेश्वरको न्याय र उहाँलाई सहमती जनाउदौंनौ भने हामीले उहाँको विद्रोह गर्छौं, र पापले शैतानद्धारा छल गर्न ढोका खुल्ला राख्दछ ।

दानियल ९:१७-१९ *"अब हे हाम्रा परमेश्वर, आफ्नो दासको प्रार्थना र अर्न्तबिन्ती सुन्नुहोस् । हे परमप्रभु, तपाईको आफ्नै खातिर आफ्नो उजाड पारिएको पवित्रस्थानमाथि कृपा-दृष्टि राखिदिनुहोस् ।"*

दानियल ९:२०-२७ गाब्रियलले उत्तर ल्याए

दानियल १०:१२-१४ गाब्रियलले उत्तर ल्याए तर "पर्सियाको राजकुमार" ले उनलाई २१ दिनसम्म रोके ।

प्रायः जब हामी प्रार्थना गर्छौं, स्वर्गमा लडाइँ हुँदछ ।

**ङ. अन्धकारलाई धकेल्नुहोस् – परमेश्वरको राज्यलाई बढाउनुहोस् ।**

सिमानाहरु स्थापना : गन्ती ३३:५०–५५ यहोशू १:३, ६:२

अर्न्तबिन्तीको (पघा) अर्थ : जुन कुरा परमेश्वरको हो, त्यो उहाँलाई फिर्ता दिनु जुन शैतानले यसलाई छल गरेर चोरेर आफ्नो बनाएको छ ।

यहोशू १९:११, २२, २६ २७, ३४

भजनसंग्रह ४४:५ तपाईद्वारै हामी आफ्ना विराधीहरुलाई **पछाडि धपाउछौं** । हाम्रा विरुद्धमा उठ्नेहरुलाई हामी तपाई कै नाउँले कुल्चदँछौं ।

"पछाडि धपाउछौं" हिब्रू शब्दको अर्थ सिङ्गले हिंकाउनु हो : यसको अर्थ कसैको विरुद्धमा लडाइँ गर्नु हो ।

**च. प्रार्थनाले स्वर्गदूतहरूलाई फुकाउँदछ र शैतानलाई बाँध्दछ,**

स्वर्गदूतहरूको जिम्मेवारी चाहिँ :

१. परमेश्वरको आराधना गर्नु र सेवा गर्नु हिब्रू १:४, ६–७

२. "मुक्तिलाई ग्रहण गर्नेहरूलाई सेवा दिनु" हिब्रू १:१४

- अब्राहामले लूतको निम्ति प्रार्थना गरे – स्वर्गदूतहरूले तिनलाई छुटाए । उत्पत्ति १९
- एलिशा शत्रुहरूको फौजद्वारा घेरिएका थिए । २राजा ६:१७
- दानियल सिंहको खोरमा दानियल ६:२२
- दानियलले तीन हप्तासम्म उपवाससाथ प्रार्थना गरे दानियल १०:२, १३
- हिजकियाहले प्रार्थना गरे, स्वर्गदूतहरूले १,८५,००० अश्शूरहरूलाई मारे यशैया ३७:२१, ३६

विजयी जीवन

- प्रेरितहरूलाई झ्यालखानबाट छुटाए      प्रेरित ५:१९; १२:५-१०

हाम्रो ईश्वरिय हतियारहरु (लगातार छ)

२. “**आत्माको तरवार** जुनचाहिँ परमेश्वरको वचन हो”

एफिसी ६:१७

क) यो शक्तिशाली छ :

हिब्रू ४:१२

जीवित र शक्तिशालि र दुइधारे तरवार भन्दा धारिलो तरवार

यशैया ५५:११

मैले इच्छा गरेको पुरा नगरि त्यो व्यर्थै फर्कनेछैन

यर्मिया २३:२९

के मेरो वचन आगो जस्तो र घन जस्तो छैन र परमेश्वर भन्नुहुन्छ

प्रकाश १:१६

उहाँको मुखबाट दुई धारे तरवार निस्कयो

१थेस्सलोनिकी २:१३

परमेश्वरको वचन तिमीहरु जो विश्वास गर्छौंमा काम गर्नुहुन्छ

भजनसंग्रह १०७:२०

उहाँले आफ्नो वचन पठाउनुभयो र तिनीहरुलाई निको पार्नुभयो ।

मत्ती ८:८

प्रभु ... तपाईं बोलि मात्र दिनुहोस्, र मेरो नोकर निको हुनेछ ।

येशूले आँधीसगँ, नेभाराको रूखसगँ र लाजरससगँ बोल्नुभयो ।

उहाँको रेहमा वचन संगति / प्रार्थनाद्‌वारा आउँदछ । एफिसी ६:१८

- यर्मिया १:७-१० , १२ , १७ इजकिएल ३७:१-१०
- याकूब ५:१७  तुलना गर्नुहोस्  १ राजा १७:१; १८:१

**ख) हामीले तरवार कसरी प्रयोग गर्ने :**

विजयी जीवन

- अयूब २२:२८
- मर्कूस ११:१२–१४, २०–२५
- प्रस्थान ३:१८
- १ शमूएल १७:३३–३७, ४३–४७
- यशैया ४२:२२; ४९:९

मत्ती १६:१८–१९          साँचोहरू = **अधिकार** (शासन, सरकार)
म तिमीहरूलाई परमेश्वरको राज्यको अधिकार दिदछु, र जे तिमीहरूले यस पृथ्वीमा
बाँधौला वा (अस्विकार वा बन्द) त्यो स्वर्गमा पनि बाँधिनेछ र बन्द गरिनेछ ।

परमेश्वरको अधिकार र शासनले हाम्रो कार्यलाई समर्थन गर्दछ ।

**जब हामी यसलाई घोषणा गर्छौं**, तब यो हुनेछ !

तथापि : वचन बोल्नलाई – अधिकार सहित आत्माको तरवार – **तपाईं अधिकार मुनि रहनुपर्छ !**

मत्ती ८:८–१० "तर कप्तानले भने "हे पभ्रु तपाईंलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैन । तर वचन मात्र बोलिदिनुहोस् र मेरो नोकर निको हुनेछ । किनकि म पनि अधिकारीहरूका अधीनमा छु अनि मेरो अधीनमा सिपाहीहरू छन् । म एक जनालाई "जा" भन्छु अनि त्यो जान्छ र अर्कालाई "आईज" भन्छु अनि त्यो आउँछ । मेरो कमारालाई "यसो गर" भन्छु अनि त्यसले त्यो गर्छ ।"

अधिकारको मुनि रहनलाई हामी परमेश्वरको आज्ञाकारी हुनुपर्दछ, उहाँको आज्ञालाई भन्नुपुर्छ र गर्नुपर्छ । "तपाईको इच्छा पूरा होस् ।"

"आनुमति दिने" अधिकारको अर्थ पवित्र आत्माको अगुवाइको घोषणाद्बारा बन्द भएका परिस्थीतीहरुलाई परमेश्वर खुल्ला गरेको चाहानुहुन्छ ।

ग) **भूतहरू धपाउनु** : मत्ती १०:१, ७–८; १७:१४–२१
लूका १०:१७–२०

घ) बिरामीपनलाई निषेध गर्ने

ङ) व्यक्तिको जीवनमा दुष्ट आत्मालाई अभ्यास गर्न निषेध गर्र्ने ।

परमेश्वरको राज्य विस्तार र मण्डली बृद्धिको लागि सफल प्रचार चाहिँ आत्मिकी लडाइँमा निर्भर रहँदछ ।

मत्ती १६:१८, "म आफ्नो मण्डली स्थापित गर्नेछु, र **मृत्युका फाटकहरू** यसमा विजय हुनेछैन ।"

उत्पत्ति २२:१७ "तेरा सन्तानहरूले शत्रुहरूका **ढोका** कब्जा गर्नेछन् ।"

- गलाती ३:२९ "यदि तिमीहरू ख्रीष्टका हौ, भने **तिमीहरू** पनि अब्राहामका **सन्तान** हौ ।"
- कब्जा गर्नु – आफ्नो बनाउनु, आफ्नो वशमा पार्नु ।
- ढोका – राज्य गर्ने आधिकारिक ठाउँ ।
    - रूथ ४:१, १०–११
    - १ राजा २२:१० यी राजाहरू दिइएका छन् । अथवा लगिएका छन्, अधिकारको ठाउँ, नियन्त्रण, शासक ।

आमोस ५:१५ "**खराबीलाई घृणा**, भलाईलाई पे्रम गर । **न्यायालयमा न्याय कायम राख** ।
शायद परमप्रभु परमेश्वरले योसेफका बाँचेकाहरूमाथि कृपा गर्नुहुनेछ ।"

मत्ती १६:१९ "म **तिमी**हरूलाई साँचोहरू दिनेछु ।"

विजयी जीवन

- अधिकार / जिम्मेवारी
- ढोका खोल्ने / बन्द गर्ने ।

मत्ती १६:१९ "जे **तिमीहरूले** पृथ्वीमा **बाँध्नेछौ** सो स्वर्गमा पनि बाँधिनेछ, र जे **तिमीहरूले** पृथ्वीमा **फूकाऔला**, सो स्वर्गमा फुकाइनेछ ।"

**३. येशूको नाम – ईश्वरीय हतियार ।**

फिलिप्पी २:९–११ प्रेरित ३:६; १५–१६; ४:१०; ९:३४; १६:१६–१८

१शमूएल १७:४५ मर्कूस १६:१७

रोमी १०:१३ २ इतिहास १४:११

भजनसंग्रह ४४:५ उदाहरण : लूका १०:१७–२०

**४. प्रशंसाको शक्ति**

प्रस्थान १५:१०–११ "प्रशंसामा महान्"

भजनसंग्रह २२:३ "परमेश्वर प्रशंसामा बास गर्नुहुन्छ"

भजनसंग्रह १४९ यशैया ४२:१०–१३

भजनसंग्रह ८:२ र मत्ती २५:१६ भजनसंग्रह ७६:१–३ यहूदा = प्रशंसा

प्रेरित १६:२२ २ इतिहास २०:२२

**५. प्रचारको शक्ति**

रोमी १:१५, १६

१ कोरिन्थी १:१७–२४

मण्डली स्थापना गर्न – **वेदीहरू बनाउनु** जहाँ परमेश्वरको आराधना गरिन्छ । त्यो चाहिँ : **मण्डलीहरू स्थापना गर्नु**

अब्राहाम : उत्पत्ति १२:७ १२:८ १३:१८

इसहाक : उत्पत्ति २६:२३–२५

याकूब : उत्पत्ति २८:१२–१३, १७–१९ ३३:१८–२० ३५:१३–१५

हामी अब्राहामका “वंश” हौं । गलाती ३:२९

६. **गवाहीको शक्ति** – “गवाही हुनु”

प्रकाश १२:११

जब परमेश्वरले तपाईलाई के गर्नुभएको छ भनि मानिसहरुले सुन्दछन् र उनीहरुले वास्तविक र नाटकिय परिवर्तनहरु तपाईको जीवनमा देख्दछन्, यसले तपाई जे बोलिरहनुभएको छ त्यसलाई प्रमाणित र आधिकारीक बनाउदछँ ।

७. **उपवासको शक्ति** मत्ती ६:१६–१८; ९:१४–१५

क) सेवाकाइको निम्ति शक्ति प्राप्त गर्नु लूका ४:१–२, १४

ख) व्यक्तिगत प्रकाश : लूका २:३६–३८

हन्नाले देखिन्, अरुहरूले उनीले भनेको मात्र सुने ।

ग) सेवाकाइमा बोलाउने र पठाउने प्रेरित १३:१–४

घ) शरीरमाथि विजय

भजनसंग्रह ३५:१३ दाऊदले आफ्नो हृदय नम्र पारे ।

गलाती ५:१७ शरीरको अभिलाषामाथि शक्तिशाली मुक्का प्रहार गर्ने ।

ङ) आत्मिकी लड़न्त

यशैया ५८:६

विजयी जीवन

१ शमूएल ७:३-१० देवताहरू हटाए, उपवास बसे, प्रार्थना गरे, शत्रुहरूलाई
हराए ।

२ इतिहास २०

मत्ती १७:१४-२१ प्रार्थना र उपवास विना यस प्रकारको आत्माहरू निस्की जाँदैनन् ।

८) **आत्माका फलहरु** शत्रु विरुद्धको **शक्तिशालि हतियार** हो ।

गलाती ५:१६ तर म भन्दछु, **पवित्र आत्माद्वारा हिँड**, र पाप स्वाभावका लालसा पूरा नगर ।

जसले शत्रुलाई हामीलाई आक्रमण गर्न मौका दिदँछ ।

गलाती ५:२२-२३ तर पवित्र आत्माको फलचाहिँ **प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम** हुन् । यस्ता कुराहरुका विरुद्धमा कुनै व्यवस्था छैन ।

- यस्ता चरित्रहरु भन्दा ठिक विपरित हाम्रो शत्रुको चरित्र छ ।
- उसले यस्तो व्यक्तिको नजिक जान र आक्रमण गर्न सक्दैन ।
- यी चरित्रहरु परमेश्वरको राज्यको चरित्रहरु हुन् जहाँ हाम्रो शत्रु पस्न सक्दैन ।

गलाती ५:२५ यदि हामी आत्मामा जीउछौं भने **हामी आत्मामा नै हिडौं**

**र हामी विजयमा हिड्ने छौं :**

**हम्रो शत्रुहरु माथि - हाम्रो शरिरमाथि - र शैतानमाथि ।**

**परमेश्वरलाई धन्यबाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्धारा विजय दिनुहुन्छ ।**
१ कोरिन्थी १५:५७

## VI. व्यावहारिकता – आत्मिकी लडाइँ

आत्मीकि आत्मा छुटाउने वरदान प्रभुसंग माग्नुहोस् ।

१. यो ठाउँमा के गलत छ ?
२. यो कसरी हुन आयो ?
३. अब के गर्न सकिन्छ ? जस्तै यहोशू – हरेक शहर भिन्दा भिन्दै तरिकाले लिएका थिए ।
४. शैतानलाई उस्को किल्लाहरु स्थापना गर्न अनुमति दिएका "कानुनी प्रवेशद्धारहरु" निश्चित
गर्नुहोस् ।
पाप के हो ? यिनीहरुले नै शैतानलाई "शहरका ढोकाहरु" नियन्त्रण गर्न अनुमति दियो ।

५. पापलाई कसरी पत्ता लगाउने
- किन शहर बसालिएको हो ?
- कसरी शहरले आफ्नो नाम पायो ?
- यस क्षेत्रमा बास गर्ने पहिलो व्यक्तिहरु को–को थिए ?
- उनिहरुलाई के भयो ?
- सरकारमा केहि भ्रष्टचार थियो कि ?
- कुनै नाराहरु वा आर्दश वाक्यहरु ?
- कुन सिद्धान्तहरुमा शहर स्थापित गरिएको थियो ?
- धार्मिक छलको केही प्रमाणहरु छन् ?
- भौतिक विनाशहरु

- संगित, संकृति, वास्तुकला, कलाको अध्ययन ।

६. **सामुदायिकरुपमा पापको पश्याताप** हुनै पर्दछ ।

अर्न्तविन्ती गर्नेले उसको शहरको लागि धादोमा उभिन्छ ।

- दानिएल ९:३ +
- नहेम्याह १:७
- एज्रा ९:५-१५

हामी हाम्रो क्षेत्र - सिमानाको राजदुतहरु हौं ।

- यूहन्ना २०:२३ २ कोरिन्थी ५:२०

७. बलियो किल्लालाई आक्रमण गर्नुहोस् / ईश्वरभक्त आत्माको फल ।

रोमी १२:२१ "...असलले खराबीमाथि विजय होस् ।"

जस्तै दिनुको साथ लोभ

नम्रको साथ घमण्ड

८. समय महत्वपूर्ण छ यूहन्ना १७१

- विकसित समूहको प्रार्थना लूका १०:१, १८-२०
- विकसित समूहको उपवास
- विकसित समूहद्धारा आत्माको तरवार चलाइनु ।

  बाँध्नु / फुकाउनु लूका ११:२०-२२
- अगुवाहरुले आत्मीकि लडाइँको बारेमा सिकाउनु
- २ कोरिन्थी १०:४

९. आत्माको तरवारको प्रयोग

- समूह र परिवारका हरेक सदस्यहरुको लागि प्रार्थना गर्नु । पढ्नुहोस् भजनसंग्रह ९१ घुडाँ टेक्नुहोस् र आफैलाई नम्र बनाउनुहोस् । हामीमा कुनै शक्तिलाई नमान्नुहोस्, तर सबै शक्ति र अधिकार उहाँको नाममा
- मानिसहरुमा भएको, सरकारमा भएको, व्यवसाय इत्यादिमा भएको पापलाई स्विकार गर्ने र क्षमा माग्ने ।

- आत्माको बलियो अभिषेक भएको स्थायी अगुवाले सिमानागत आत्माहरु विरुद्ध विश्वासको आधारमा अगुवाई गर्ने । उनीहरुलाई बाँध्ने – उनीहरुलाई निषेध गर्ने – उनीहरुको शक्तिलाई भाँच्ने । उनीहरु रोकियोस्, छोडोस्, जाओस् भनि आदेश दिने । विपरीतकोलाई खुल्ला गर्ने – अनुमति दिने – छुटाउने वा शून्यतालाई ईश्वरभक्तिको आत्माले भर्ने । मत्ती १२:४४–४५
- सहमतीमा एक भए झै हरेकजना सबै एकतामा संगै उभिने ।

## घोषणा

व्यवस्था ३२:८ तपाईलाई यो भूमी परमेश्वरले दिनुभएको छ ।

जसरी उहाँले इस्राएललाई कनान दिनुभयो । **तपाईले यसको लागि लडाइँ गर्नै पर्छ** ।

भजनसंग्रह २:८ यसको लागि माग्नुहोस् । यहि नै तपाईको प्रतिज्ञाको भूमि हो ।

गन्ती १३–१४ असल खबरलाई बोल्नुहोस् ।

अयूब २२:२८ यसलाई घोषणा गर्नुहोस् ।

मर्कुस ११:२२–२४ जसले **भने** पनि

हिब्रू १०:२३ हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्िलोसँग थामिराखौं, किनकी जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ ।

रोमी ४:१७ जो अस्तित्वमा नरहेकोलाई पनि अस्तित्वमा ल्याउनुभयो ।

.........?....को भत्काइने छ ।

मुक्तिको पर्खाल माथि उठाइनेछ । यशैया ६०:१८

महिमाको राजा भित्र आउनुहुनेछ !!!

## VII. पुस्तकहरुको सुचि

Breaking Strongholds in Your City by: C. Peter Wagner Regal Books.
Spiritual Warfare by: Dean Sherman YWAM Publishing
Redeeming the Lord by: Emeka Nwankpa African Christian Press.

## VIII. उत्पत्तिको पुस्तकको पाठहरु

१ कोरिन्थी १०:११ यी कुराहरु तिनीहरुलाई चेताउनीको निम्ती भए तापनि ती हाम्रै शिक्षाको निम्ती लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ ।

**उत्पत्ति ११** **बाबेलको धरहरा**

शैतानको आराधनामा सबै मानिसहरुले आफैलाई दिएका थिए । उनीहरुको एकता / सहमतीले उनीहरुको दुष्टतालाई सशक्तिकरण गरायो । यो दुष्टतामा शैतानलाई पछ्याउदा, उनीहरुले उसलाई **उनीहरु** (सम्पत्ती)

माथि र उनीहरुको **सिमानामा शासन** (सिंहासन) गर्न कानुनी अधिकार दियो ।

**उत्पत्ति १२ अब्रामको बोलावट**

पुनःप्राप्तीको लागि परमेश्वरको योजना :

- उहाँको पृथ्वीको सिंहासन - आराधना गर्ने ठिक ठाउँ
- उहाँको सम्पत्ती - मानिस
- उहाँको सिमाना - भूमी

१. मानिसलाई प्रतिज्ञाको देशमा जानको निम्ती बोलाउनुभयो जुन परमेश्वरले चुन्नु भएको र उसलाई दिनै लाग्नुभएको थियो । अब्रामले माने ।

पहिलो कदम : सुन्नु - मान्नु - जानु

२. पदहरु ७-८, १३:३-४, १८ वेदी बनाए

दोस्रो कदम : मण्डली स्थापना गर्नु (आराधना गर्ने ठाउँ)

**उत्पत्ति १३ पारिवारिक झगडा**

तेस्रो कदम : पारिवारिक झगडालाई त्याग्नु । शत्रुको आक्रमण ।

याकूब ३:१३-१६

शान्तिको लागि र सहि सम्बन्धको लागि अगुवाले बलिदान चढाउनै पर्दछ । आफ्नो उत्तम दिनुहोस् । आफ्नो धैरै दिनुहोस्, शान्तिको लागि छोड्न इच्छुक हुनुहोस् र शैतानलाई खुट्टा गाड्न अनुमति नदिनुहोस् ।

**उत्पत्ति १४** पृथ्वीका राजाहरु सिमाना /सम्पत्ति /सिंहासनहरुको लागि लडाइँ गर्दछन् । अब्राम यस्ता कार्यहरुमा सम्लग्न थिएनन् जबसम्म उनका एक जना परिवारको सदस्यलाई कैदी बनाएर लगे । त्यसपछि तुरुन्तै सबै लडाइँहरु भयो। विजय पछि उनी दुई राजाहरुसँग भेटे :

१. मल्कीसदेक (धार्मिकताका राजा) सालेमका राजा (शान्ति) परमधामको परमेश्वरको पुजारी (एल एल्योन) । करारको खाना बाढें । एल एल्योनका अब्रामलाई आशिष् दिए, “स्वर्ग र पृथ्वीका अधिकारी ।” अब्रामले भर्खरै “स्वर्ग र पृथ्वीका अधिकारी” लाई पुनःप्राप्त गरेका थिए जुन उसको थियो ।

<u>चौथों कदम : आत्मीकी लडाइँ</u> हामीले एल एल्योनबाट थाहा पाउनसक्छौं ।

२. तुरुन्तै : सदोमका राजा आउँछन् – “मानिसलाई मलाई देऊ र आफ्नो निम्ती सामानहरु लेऊ ।” ठूलो सम्पत्तिलाई लिनको लागि शैतानले जे पनि दिनसक्छ, पृथ्वीको सम्पत्ति । शैतानले दिएको कुनैपनि चिजलाई लिदाँ हामी कमजोर हुन्छौं र भविष्यको हारको निम्ती ढोका खोल्दछ । पदहरु २२–२३

<u>पाचौं कदम : परिक्षाहरुको सामना गर्दा संसारमा भएका चिजहरु प्रतिको प्रेमलाई जीत्नै पर्छ</u> ।

१ यूहन्ना २:१५–१६ गलाति ५:२४

**उत्पत्ति १५** महान् प्रकाश – महान् प्रतिज्ञाहरु

महान् सर्मपणता / विश्वासयोग्यताको नतिजा ।

<u>छौंठौं कदम : सबै बन्दोबस्तोको लागि परमेश्वरमा सँधै भरोसा राखौं</u> ।

मत्ती ६:३३

लूका १०-१३ "...दुई जना मालिकहरुको सेवा एकै साथ गर्न सकिदैंन...।"

**उत्पत्ति १६** शरिरको नतिजा - इस्मायल

सातौं कदम : जब परमेश्वर शान्त हुनुहुन्छ - परमेश्वरमा कुरौं ।

यशैया ४०:१०-१३

सपन्याह ३:१७

**उत्पत्ति १७** खतनाको करार

परमेश्वर "परमेश्वर सर्वशक्तिमान" (एलसादाइ)को रुपमा प्रकट हुनुभयो । उहाँको लागि केही पनि अप्ठारो छैन । धैरै राष्टहरुका पिता ।

चिह्न : खतना - यसबाट उनी पिता बने । शारिरीक सम्पर्कको पवित्रता । उसको सन्तानहरु परमेश्वरका हुन् ।

आठौं कदम : आत्मीकि सन्तानहरु जन्माउनु

**उत्पत्ति १८:१७-३३** शहर, मानिस र सिमानाको लागि अन्र्तबिन्ती गर्ने ठाउँ महत्व ।

नऔं कदम : अन्र्तबिन्ती

**उत्पत्ति २२** इसाहाकको बलिदान

दशौं कदम : आफ्नो क्रुस उठाऊ मत्ती १०:३७–३८

पद १७ तिम्रो सन्तानले उनीहरुको शत्रुहरुको शहरलाई कब्जा गर्नेछन् ।

**विजयको घोषणा भइसकेको छ !!!**